# वैदेशिक रोजगारमा रहदाँ स्वास्थ्यसँग सम्बन्धित समस्याहरूको बारेमा परामर्शको लागि टेलिमेडिसिन (TELEMEDICINE) सेवासम्बन्धी महत्वपूर्ण जानकारीहरू



## टेलिमेडिसिन (दूर चिकित्सा) सेवा भनेको के हो ?

टेलिमेडिसिन सेवा भन्नाले वैदेशिक रोजगार बोर्डले वीर अस्पतालसँगको समन्वयमा प्रवासी श्रमिकहरूको लागि विधुतीय माध्यममार्फत प्रदान गर्दै आइरहेको स्वास्थ्य सम्बन्धी सुझाब, सल्लाह,उपचार र परामर्श सेवा हो । यो परामर्श सेवा प्रवासी श्रमिकले स्वास्थ्य समस्या अनुसार सम्बन्धित डाक्टरसँग अनलाइन (Online) मार्फत लिन सक्ने छ ।

## टेलिमेडिसिन सेवा कसरी लिन सकिन्छ ?

यो सेवा प्रवासी श्रमिक आफैले online मार्फत नेपाली समय अनुसार बिहान १०:०० बजेदेखि साझँ ५:०० सम्म, whatsApp,Viber,IMO/Botim प्रयोग गरी लिन सकिन्छ ।

## टेलिमेडिसिन सेवा लिन के गर्नुपर्छ ?

टेलिमेडिसिन सेवा लिनको लागि श्रमिकले:-

चरण १. मोबाइलको डाटा अन गरेर ९७७-९८५१३४५७०१ वा ९७७-९८५१३४५७०२ मा दर्ता रहेको WhatsApp, Viber, IMO मा म्यासेज वा कल गर्ने

चरण २. श्रमिकले आफुले लिन चाहेको सेवा प्रकृतिको बारेमा टेलिमेडिसिनमा कार्यरत कर्मचारीलाई बताउने

चरण ३. आफ्नो सहजता अनुसार Audio / Video कल प्रयोग गरी सम्बन्धित चिकित्सकसँग परामर्श लिने

चरण ४. रोगसम्बन्धी सेवा लिने श्रमिकको हकमा, टेलिमेडिसिन सेवा कार्यालयले उपलब्ध गराएको परामर्शको (doctor perception) PDF file प्रिन्ट गर्ने वा मोबाइलमा रहेको PDF file देखाएर नजिकै रहेको औषधी पसलबाट औषधी लिने ।

## टेलिमेडिसिन सेवा लिन शुल्क तिर्नुपर्छ कि पर्दैन ?

FREE SERVICES

टेलिमेडिसिन सेवा वैदेशिक रोजगार बोर्डको सहकार्यमा प्रवासी श्रमिकको लागि वीर अस्पतालबाट प्रदान गरिदै आएको निशुल्क सेवा हो । यो सेवा लिनको लागि प्रवासी श्रमिकले कुनै पनि शुल्क तिर्नु पर्दैन ।

## टेलिमेडिसिन सेवा लिने अधिकार क-कस्लाई रहेको छ?

वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा रहेका कुनै पनि नेपाली नागरिक, प्रवासी श्रमिकहरु र विभिन्न भिसामा वैदेशिक रोजगारमा गई अलेखबद्ध (कागजात विहिन)भएर काम गरिरहेका श्रमिकहरूलाई समेत टेलिमेडिसिन सेवा लिने अधिकार रहेको छ ।

### थप जानकारीको लागी:

श्रम तथा रोजगारसँग सम्बन्धित सम्पूर्ण जिज्ञासा एवम् गुनासो र समस्यालाई तत्काल सम्बोधन गर्न

**श्रमाधान कल सेन्टर**

पैसा नलाग्ने नम्बर

**1141** 24

9851347222

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय


प्रवासी नेपाली समन्य समिति :
चन्द्रागिरि नगरपालिका-१४,
नैकाप, काठमाडौं, नेपाल
Hotline no. ९८५११७४९९९
Email : info@pncc.org.np
website: pncc.org.np

मलेसियामा रहेको नेपाली राजदूतावास
हटलाइन नम्बर : +६०१६२४७२७७७
सूचना अधिकारी: ०१०८८३३४५४



सूचनाको स्रोत: श्रमाधान कल सेन्टर, वैदेशिक रोजगार बोर्ड र टेलिमेडिसिनको कार्यालय वीर अस्पताल

International Labour Organization

Pravasi Nepali PNCC

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी